**Coronavirus CivActs Campaign (CCC)** ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरू संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरूले कुनै नकारात्मक असर पुऱ्याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।

## स्वदेशमा फर्केर आउने महिला श्रमिक बारे नेपाल सरकारको जिम्मेवारी र अविलम्ब व्यवस्था गर्नुपर्ने कार्यहरू



- अनौपचारिक रूपमा विदेश गएका महिलाकालागि वैदेशिक रोजगार बोर्डको दर्ता खुला गर्ने ।
- वैदेशिक रोजगारीबाट फर्केका महिलाका लागि न्यूनतम मापदण्ड पुरा भएको आवासिय व्यवस्था, मनोसामाजिक परामर्श, स्वास्थ्य जाँच गराई आवश्यकता अनुसार पुनरएकिकरण कार्यक्रममा समावेश गरी सम्मानसँग बस्न पाउनु व्यवस्था गर्ने ।
- कुवेत लगायत अन्य मुलुकबाट महिलाहरूलाई ससम्मान पूर्वक फर्काउन योजनाबद्ध व्यवस्था गर्ने ।
- कतिपय महिलाहरु प्रजनन स्वास्थको दृष्टिले सवेदनशिल अवस्थामा फर्किदैछन्, उनीहरूको प्रजनन अधिकारको रक्षा गर्ने ।
- फर्किएका महिलाहरूलाई कसरी कहाँ पठाउने ? प्रदेश र स्थानीय सरकारको के दायित्व रहने ? आउन सक्ने जोखिमको मापन गर्ने र समस्याको समाधान गर्ने तयारी गरेर मात्र आगामी कार्य निधारण गर्ने ।

अन्तर पुस्ता महिलाबादी समूह, महिला मैत्री विपद ब्यवस्थापन समूह तथा महिला मानवीय तथा विपद् जोखिम न्यूनीकरण मञ्चको ज्ञापन पत्रबाट साभार

## नेपाल अपडेट



कपिलबस्तुको यसोधरा गाउँपालिका वडा नम्बर ८ मा रहेको क्वारेन्टीनको अवस्था

तस्बिर: भवानी प्रसाद पाण्डे

**परिक्षण**

पिसिआर परिक्षण: १,५५,५१८

पोजेटिभ: ७,८४८

उपचाररत: ६,६४०

मृत्यु : २२






Source: https://covid19.mohp.gov.np/#/

# हल्ला र तथ्य



**संक्रमित व्यक्तिको संपर्कमा आएका व्यक्तिमा संक्रमणका लक्षण देखिएन भने के हुन्छ ? के उनिहरुलाई सामान्य रुपमै छोडिन्छ ?**

संक्रमित व्यक्तिको सम्पर्कमा आएका व्यक्तिको पहिचान गरी खोजपड्ताल टिमले प्रस्तावित ढाँचा बमोजिम अन्तरवार्ता लिन्छ । अन्तरवार्ता लिईरहेको समयमा उसमा लक्षण देखिदैन भने, उसलाई खोजपड्ताल टिमको आधिकारिक व्यक्तिले होम आईसोलेशनमा बस्ने सल्लाह दिई SMS वा फोन बाट नियमित फलोअप गर्नुपर्दछ । यदि फलोअपको २२ औं दिन ( संक्रमण प्रसारणको जोखिमका आधारमा १४ दिन Active तथा ७ दिन Passive) सम्म पनि कुनै लक्षण देखा नपरेमा त्यस्ता व्यक्तिको फलोअप समाप्त हुन्छ । यो सम्बन्धमा खोजपड्ताल टिमले सम्बन्धित व्यक्तिलाई फलोअप समाप्त भएको व्यहोरा जानकारी गराउनु पर्दछ ।

स्रोत: https://drive.google.com/file/d/1nC-h5htp8_TGZydKKpoNSc6WYmZomJ0N/view



**महिलाका लागि क्वारेन्टाईन सुरक्षित छैनन् । त्यहाँ बसेका महिला बलात्कृत भएका घटनाहरु पनि बाहिर आईरहेकाछन् । सम्बन्धित निकायले यसमा चासो दिनु पर्दैन ।**

यस सम्बन्धमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले मिति २०७७ असाढ १ गते मन्त्री स्तरिय निर्णय गरी कार्यान्वयन गर्न गृह मन्त्रालयलाई अनुरोध गरेको छ । जस अनुसार, महिला र पुरुषका लागि छुट्टा छुट्टै क्वारेन्टाईनको व्यवस्था हुनुपर्ने र महिला राखिएको क्वारेन्टाईनमा महिला स्वयंसेवक तथा महिला प्रहरीको व्यवस्था मिलाउनु पर्नेछ भनिएको छ ।

स्रोत: https://mowcsc.gov.np/notice-news/



**स्थानीय स्तरमा उपलब्ध एम्बुलेन्सले कोरोनाको शंका लागेका बिरामीलाई अस्पताल लैजान मिल्दैन ?**

थानीय तहमा भएका स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, आयुर्वेद संस्थाहरु र हेल्थ डेस्कमा संक्रमित स्थानबाट आएका तथा संक्रमणको जोखिम भएका व्यक्तिहरु पहिचान गरी जिल्ला अस्पतालका फोकल चिकित्सकसंग समन्वय गरी क्वारेन्टाईन वा आईसोलेशनमा पठाउन कम्तिमा एउटा एम्बुलेन्स तयारी अवस्थामा राख्नुपर्ने हुन्छ । यसरी स्थानीय तहमा छुट्टै एम्बुलेन्स व्यवस्थापन गर्न सम्भव नभएमा स्वास्थ्य कार्यालयसंग समन्वय गरी जिल्लामा तोकिएको एम्बुलेन्सबाट मात्र पठाउनु पर्दछ । गण्डकी प्रदेशमा भने हाल यस्ता एम्बुलेन्सलाई पार्टेशन गरेर सञ्चालन गरिदैछ ।

स्रोत: https://drive.google.com/file/d/1wmJMl7Zkx0ZhmGS4e4LstpfylIYuYiu3/view
https://drive.google.com/drive/folders/1vUWyBAzbHUq011mrrnfT8zDKIJ-3Zw-H



**भारतबाट स्थलमार्ग हुँदै नेपाल प्रवेश गर्न तोकिएको नाकामा होल्डिङ सेन्टर नै छैनन्, भएका पनि व्यवस्थित छैनन भन्ने सुनिन्छ । के स्रोतको कमी हो ?**

भारतबाट स्थलमार्ग हुँदै नेपाल प्रवेश गर्न २० ओटा नाका तोकिएको छ । हरेक नाकामा होल्डिङ सेन्टर स्थापना तथा व्यवस्थापन र मर्मत सुधार लगायतका कार्यका लागि सम्बन्धित स्थानीय तहलाई भारतबाट प्रवेश गर्नेको चापलाई मध्यनजर गरी कम्तिमा रु. १ लाख देखी बढीमा रु. ८१ लख गरी जम्मा रु. २ करोड ७७ लाख २३ हजार रकम निकासा गरी सकिएको छ ।

स्रोत: https://mofaga.gov.np/uploads/notices/Notices-20200616173426651.pdf

**WhatsApp मार्फत हाम्रो बारेमा नियमित ताजा जानकारी पाउन**

१. तपाईको कन्ट्याक्ट लिस्टमा **+2760806146** एड गर्नुहोस्
२. माथिको कन्ट्याक्ट नम्बरमा **Nepal** लेखेर म्यासेज पठाउनुहोस्




**COVID-19** को बारेमा बुझ्न नि:शुल्क हटलाईन

viamo द्वारा प्रस्तुत

कोभिड - १९ सम्बन्धी सित्तैमा जानकारी लिनको लागि तपाईको NTC सिमकार्डबाट **३२१००** मा डायल गर्नुहोस्

accountabilitylab NEPAL

# Open Migration

## मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

| साउदी अरव | कुवेत | बहराईन | कतार | युएई | ओमान | मलेसिया | दक्षिण कोरिया |
|---|---|---|---|---|---|---|---|
| ३,३४,४५१ नेपाली | ७१,१९३ नेपाली | २६,००० नेपाली | ४,०६,९१७ नेपाली | २,२४,९०५ नेपाली | १७,०५७ नेपाली | ५००,००० नेपाली | ३८,८६२ नेपाली |
| १,४१,२३४ संक्रमित | ३७,५३३ संक्रमित | १९,९६१ संक्रमित | ८३,१७४ संक्रमित | ४३,३६४ संक्रमित | २६,८१८ संक्रमित | ८,५२९ संक्रमित | १२,२५७ |
| १,५०० नेपाली संक्रमित | ६५० नेपाली संक्रमित | ४४० नेपाली संक्रमित | १०,००० नेपाली संक्रमित | १,६०० नेपाली संक्रमित | | ८९ नेपाली संक्रमित | |
| ९ मृत्यु भएका नेपाली | ३ मृत्यु भएक नेपाली | ३ मृत्यु भएका नेपाली | ४ मृत्यु भएका नेपाली | १९ मृत्यु भएका नेपाली | | | |

गन्तव्य राष्ट्रमा संक्रमित नेपाली

गन्तव्य राष्ट्रमा नेपाली जनसंख्या

गन्तव्य राष्ट्रमा संक्रमित जनसंख्या

गन्तव्य राष्ट्रमा मृत्यु भएका नेपाली



स्रोत: https://coronavirus.jhu.edu/map.html
https://www.covid19.nrna.org.np/
https://publications.iom.int/system/files/pdf/mp_nepal_2019.pdf

ShramikSanjal

## विदेशमा अवस्थित नेपाली दुतावासले जारी गरेका महत्वपूर्ण जानकारीहरु



साउदी अरव, मलेसिया, कतार र यु.ए.ई.मा अवस्थित नेपाली दुतावासहरुले स्वदेश फिर्ता हुन चाहने र प्राथमिकतामा परेका व्यक्तीहरुको सूची सार्वजनिक गरेका छन् । सम्बन्धित दुतावासहरुका वेबसाईट र फेसबुक पेजमा समेत यि सूचीहरु हेर्न सकिन्छ ।




साउदी अरवमा अवस्थित नेपाली दुतावासले दिएको जानकारी अनुसार नेपाल जाँदा लैजानु पर्ने ऋइरख्क्ष्(ज्ञढ को  परीक्षण कम्पनीमार्फत् गर्ने र रिपोर्ट नेगेटिभ आएको प्रमाण पत्र साथै लैजान अनुरोध गरेको छ । सो सम्भव नहुनेहरुले आफूलाई पायक पर्ने स्थानमा परीक्षण गर्नु अनुरोध गरेको छ । यो पनि सम्भव नभएमा  श्री कृष्ण भूषाल, मोबाइल नं. ०५९८२५६७१८ मा सम्पर्क गरी परीक्षणका लागि अनुरोध गर्न सकिने छ ।

बिदेशमा अप्ठेरोमा परेका श्रमिकहरुलाई उद्धार गर्नु भन्दै सर्बोच्च अदालतले सरकारलाई अन्तरीम आदेश जारी गरेको छ । यो उद्धार, पहिले भनिए जस्तो  टिकटको व्यवस्था श्रमिक आफैले गर्ने नभई, नेपाल फर्किन नसक्ने श्रमिकहरुलाई सरकारकै खर्चमा स्वदेश फिर्ता ल्याउने भन्ने हो । तर, यसका लागि निश्चित मापदण्ड भने तय गरिएको छ ।

accountabilitylab NEPAL

# $ फलो द मनी - खर्चको अर्थ

## संघिय सरकार

**जम्मा**

तिन पटक गरेर नेपाल सरकार अर्थ मन्त्रालय मार्फत छुट्याईएको

**करिब १ अर्ब ४८ करोड**

कोरोना भाईरस जोखिम नियन्त्रण, रोकथाम तथा नियन्त्रण कोषमा जम्मा

**करिब २ अर्ब २६ करोड**

**दाता**

ए.डि.बि.
करिब ३० अर्ब ३३ करोड

विश्व बैंक
करिब ३ करोड ४८ लाख

आई.एम.एफ.
करिब १५ अर्ब ८८ करोड

युरोपियन युनियन
करिब ९ अर्ब ९४ करोड

**खर्च**

कोरोना भाईरस विरुद्धका गतिविधिमा नेपाल सरकारले गरेको खर्च स्वास्थ्य मन्त्रालयलाई निकासा

**करिब ४ अर्ब १० करोड**

रक्षा मन्त्रालय मार्फत कोरोना रोकथाम र नियन्त्रणका लागि चाहिने स्वास्थ्य उपकरण खरिदको लागि

**२ अर्ब ३४ करोड** निकासा

## प्रदेश सरकार

| प्रदेश | प्रदेश १ | प्रदेश २ | बागमती प्रदेश | गण्डकी प्रदेश | प्रदेश ५ | कर्णाली प्रदेश | सुदुरपश्चिम प्रदेश |
|---|---|---|---|---|---|---|---|
| जम्मा रकम | करिब २९.४ करोड | करिब २६.६ करोड | करिब ४२.९ करोड | करिब १८.३ करोड | करिब १५.६ करोड | करिब २५.४ करोड | करिब ४२.५ करोड |
| खर्च गरिएको रकम | करिब १९.३ करोड | करिब १३.३ करोड | करिब १३.६ करोड | करिब १५.४ करोड | करिब ७.७९ करोड | करिब २३.९ करोड | करिब ३६.४ करोड |

## संघिय सरकारको विनियोजन र छुट्टा छुट्टै मन्त्रालय मार्फत भएको खर्च




संघिय सरकारको कोषमा भएको जम्मा रकम




छुट्टा छुट्टै मन्त्रालयमा रकम निकासा

संघिय सरकारले उसको संचित कोषमा जम्मा भएको कुल रकमको ७३% रकम विभिन्न मन्त्रालय मार्फत खर्च गरेको छ । अपेक्षकृत रुपमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सबै भन्दा धेरै (४८%) रकम पाएको छ । त्यसै गरेर रक्षा मन्त्रालयले ४२%, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, गृह मन्त्रालय, संस्कृती, प्रयटन तथा नागरिक उड्डयन मन्त्रालय, शहरी विकास मन्त्रालय र परराष्ट्र मन्त्रालयले बाँकी १०% रकम पाएकाछन् ।

# $ फलो द मनी - खर्चको अर्थ

## स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र रक्षा मन्त्रालयमा भएको शिर्षक अनुसार बजेट निकासा




धेरै बजेट निकासा भएका दुई मन्त्रालय मध्ये, रक्षा मन्त्रालयको खर्च प्रतिशत (१००%) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय (५८%) भन्दा बढी छ । स्वास्थ्य संरचना निर्माण गर्ने क्रममा औषधि तथा स्वास्थ्य उपकरण खरिदमा ठुलो रकम खर्च भएको छ । तर, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको जम्मा बजेट मध्ये १३ करोड रुपैयाँ अन्य शिर्षकमा राखिनु त्यती उचित देखिदैन । यती ठुलो रकमको बर्गिकृत विवरण बनाउनु उपयुक्त हुन्छ । यस्ता अस्पष्ट विवरण सार्वजनिक गर्नाले जनमानसमा अनेकौ प्रश्न सृजना हुन्छ ।

त्यसै गरेर, थुप्रै निकायले औषधि खरिद, क्वारेन्टाईन व्यवस्थापन लगायत उस्ता उस्तै शिर्षकमा कुनै विवरण नराखी खर्च गरिरहेकाछन्, जसको हिसावकिताव कतै देखिदैन । यस्ता जानकारीले विस्तृत विश्लेषण गर्न पनि असहज हुन्छ । अझै भन्नुपर्दा, माथि  स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले छुट्याएको बर्गिकृत रकम सोही मन्त्रालयको जम्मा रकमसंग मेल खाँदैन । जहाँ एउटै मन्त्रालयको दुईवटा तथ्यांकमा ४५ लाखको अन्तर देखिन्छ । जसको कुनै हिसावकिताव देखिदैन ।

नोट: हाम्रो उद्देश्य सरकारले गरेको राम्रो काम र छुट्याएको बजेटको बारेमा सबैलाई जानकारी होस र सो पश्चात यस विषयमा नागरिक र अन्य सरोकारवालाको बिचमा छलफल भई सरकारलाई प्रयाप्त पृठपोषण प्राप्त होस् भन्ने हो । यहाँ प्रस्तुत विवरण पूर्ण हैन । उपलब्ध माध्यमबाट संग्रह गरी राखिएको हो । थप सही तथ्यांक संकलन गरी परिमार्जन गर्दै जानेछौं । यसमा सबैले सहयोग गरिदिनुहुन अनुरोध गर्दछौं ।

accountabilitylab NEPAL

# खुला बजेट, वित्तिय न्याय, सार्वजनीक वित्त र कोभिड - १९ संग जाडिएका प्रमुख समस्याहरू

कोभिड - १९ को विश्वव्यापी महामारीबाट उत्पन्न संकटलाई सम्बोधन गर्न सरकारले आपतकालिन खर्चको माध्यमबाट ठुलो रकम खर्च गरेको छ । सरकारले सार्वजनिक स्रोतलाई कतिको प्रभावकारी ढंगले परिचालन गर्दछ भन्ने कुराले सो खर्चबाट कतिजनाको ज्यान जोगिन्छ, कति जना गरिबीमा पर्छन् र समाज र अर्थव्यवस्था कसरी सुधार हुन्छ भन्ने कुराको निकर्यौल गर्दछ ।





अन्तरराष्ट्रिय मान्यता प्राप्त खुला बजेट सर्वेक्षण (OBS) को पछिल्लो प्रतिवेदन अनुसार नेपालको बजेट पादर्शिताको स्कोर खस्किएको छ । २०१७ मा देशको बजेट पारदर्शिता स्कोर ५२ रहेकोमा २०१९ मा खस्किएर ४१ मा पुगेको छ । यसले नेपालको हालको बजेट सम्बन्धी बजेट चक्रमा नागरिक सहभागिताको अवसर र प्रभावकारी रूपमा एकअर्कालाई जिम्मेवार बनाउने कुराको उजागर गर्दछ ।

संकटको समयमा सरकारी खर्चको प्रयाप्त पारदर्शिता र नियमनको अभावले गर्दा फजुल खर्च, बढ्दो अनियमितता र सार्वजनिक सेवाको लागत बढ्ने सम्भावना हुन्छ ।

## समाधानका उपाय र अवसरहरू

सरकारका लागि जवाफदेहीता र पारदर्शिताको भरपर्दो संयन्त्र निर्माण गर्न खुला प्रतिकृयाको रणनीति अपनाउने यो उपयुक्त समय हो । यसका लागि सरकारले निम्न कुरा गर्न सक्दछ:

१. बजेट निकासा, सार्वजनिक खरिद र थप गरिएको रकमको पूर्ण पारदर्शिता अपनाउने ।

२. नीति र बजेट बिचको स्पष्ट सम्बन्ध स्थापित गर्ने ।

३. सार्वजनिक निकाय र नागरिक समाजबाट सल्लाह सुझाव लिनुका साथै उनिहरूलाई आपतकालिन अवस्थामा निर्णयको कार्यान्वयन भएनभएको अनुगमन गर्न सहभागी गराउने ।

४. संसद र महालेखा परीक्षणको निरीक्षण कार्यलाई सुदृढ गर्ने ।

५. जवाफदेहीतालाई अझै व्यवहारीक बनाउन दिगो सुधार गर्ने ।




कृष्ण सापकोटा

Freedom Forum



http://freedomforum.org.np/nepal-drops-in-international-rankings-on-central-budget-transparency/

https://blog-pfm.imf.org/pfmblog/2020/04/-do-whatever-it-takes-but-keep-the-receiptsthe-public-financial-management-challenges-.html

सही सूचना

# असफल तयारी र लकडाउन । के नेपालले अझै खराब अवस्थाको सामना गर्न बाँकी नै छ ?

## क्वारेन्टाईनमा बसेका व्यक्तिहरूको संख्या




गत हप्तामात्र झण्डै ५० हजार जना व्यक्ति क्वारेन्टाईनबाट समुदायमा गएकाछन् । कोभिड - १९ बाट संक्रमितको पछिल्लो तथ्यांक हेर्ने हो भने, समुदाय स्तरमा भटिएका संक्रमितमा क्वारेन्टाईनबाट गएकाहरु र त्यहीका स्थानीयहरु पनि छन् । नेपाल पिसिआर परीक्षणको दायरा बढाउने सन्दर्भमा असफल भईरहेको छ । अघिल्लो हप्तामात्र एउटा परिक्षण ल्याब थपिएको छ । तर, दैनिक पिसिआर परीक्षणको दरमा उल्लेख्य सुधार भएको छैन । यसले ५ महिनाको तयारी, ३ महिना लकडाउन र नयाँ सक्रमितको संख्याले किर्तिमान राख्दैछ अघि बढिरहेको छ । यसरी हेर्दा महामारीसंग जुध्न नेपालको अतिनै कमजोर तयारी देखिन्छ ।

स्रोत: HEOC, MoHP, SitRep

**DISCLAIMER**

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरु, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, ७ वटै प्रदेशमा रहेका कम्युनिटी फ्रन्टलाईनर्स र सिभिक एक्सन टिमले यहि मे महिना भित्र २००० भन्दा बढि व्यक्तिसंगाको संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।



**Coronavirus CivActs Campaign** is brought to you by **Accountability Lab Nepal**.

accountabilitylab communities

@CivicActionTeams @civacts @CivActs

CivActs | Email: civactsnp@accountabilitylab.org | Phone: 9851203219